# नेपाली कॉंग्रेस
## संघीय संसद, संसदीय दलको कार्यालय

☎ ९७७-१-४२०००७८, ४२००१७७
४२००२००, ४२०००१५
फ्याक्स : ९७७-१-४२००१३६
email : ncparliamentary@gmail.com

संघीय संसद भवन
सिंहदरबार, काठमाडौं

श्रावण २९, २०८०

### प्रेस विज्ञप्ति

नेपाली कांग्रेस सभापति एवं संसदीय दलका नेता माननीय श्री शेरबहादुर देउवाज्यूको अध्यक्षतामा संघीय संसद भवन बानेश्वरको ल्होत्से हलमा २०८० साउन २६, २८ र २९ गते नेपाली कांग्रेस संसदीय दलको बैठक बसी निम्न बमोजिम निर्णय भयो ।

**बैठकमा निम्न माननीय सदस्यहरुले आफ्नो धारणा राख्नु भएको थियो ।**

१. मा ज्ञानेन्द्र बहादुर कार्की
२. मा. रामनाथ अधिकारी
३. मा. उदय शम्शेर राणा
४. मा. नागिना यादव
५. मा. अर्जुननरसिंह के.सी.
६. मा. श्यामकुमार घिमिरे
७. मा. दिलेन्द्रप्रसाद वडू
८. मा. मुक्ताकुमारी यादव
९. मा. देवप्रसाद तिमलसेना
१०. मा. दिपक खड्का
११. मा. लिलादेवी बोखिम लिम्वू
१२. मा. अनिता देवकोटा
१३. मा. सरिता प्रसाई
१४. मा. मैना कार्की
१५. मा. प्रतिमा गौतम
१६. मा. रमा कोइराला पौड्याल
१७. मा. कान्तिका सैजुवाल
१८. मा. जावेदा खातुन जागा
१९. मा. डा. आरजु राणा
२०. मा. विमलेन्द्र निधि
२१. मा. चन्द्रकान्त भण्डारी
२२. मा. रामहरी खतिवडा
२३. मा. प्रकाश पन्थ
२४. मा. वीरबहादुर बलायर
२५. मा. डा. शेखर कोइराला
२६. मा. हृदयराम थानी
२७. मा. रामकृष्ण यादव
२८. मा. जीवन परियार
२९. मा. कुसुमदेवी थापा
३०. मा.कल्पना चौधरी
३१. मा. डा. प्रकाश शरण महत
३२. मा. प्रकाशमान सिंह
३३. मा. रमेशजंग रायमाझी
३४. मा. पुष्पबहादुर शाह
३५. मा. रमेश रिजाल
३६. मा. राजेन्द्र कुमार केसी
३७. मा. राजेन्द्र बजगाई
३८. मा. सीता मिजार
३९. मा. शान्ति वि.क.
४०. मा. प्रदिप पौडेल
४१. मा. अम्बिका बस्नेत
४२. मा. संजय कुमार गौतम
४३. मा. चन्दा चौधरी
४४. मा. डा. शुनिल कुमार शर्मा
४५. मा. शंकर भण्डारी
४६. मा. आशा वि.क.
४७. मा. रुपा वि.क.

# नेपाली काँग्रेस
## संघीय संसद, संसदीय दलको कार्यालय

☎ ९७७-१-४२०००७८, ४२००१७७
४२००२००, ४२०००१५
फ्याक्स : ९७७-१-४२००१३६
email : ncparliamentary@gmail.com

संघीय संसद भवन
सिंहदरबार, काठमाडौं


४८. मा. ऐनबहादुर शाही
४९. मा. डिगबहादुर लिम्बू
५०. मा. किशोर सिंह राठौर
५१. मा. सीता गुरुङ
५२. मा. विश्वप्रकाश शर्मा
५३. मा. गगन कुमार थापा
५४. मा. पूर्णबहादुर खड्का

निर्णय :

१. केही दिन यता संसदका दुवै सदन अवरुद्ध हुँदै आएका छन् । देशमा अविरल वर्षाका कारण बाढी, पहिरो र डुवानको समस्या छ । बाढी, पहिरो र डुवानका कारण मानवीय र भौतिक क्षति भएको छ । लम्पी स्किनको प्रकोपका कारण हजारौं पशुचौपाया मरेका छन् । लाखौं चौपाया संक्रमित छन्, पशुधनको क्षतिका कारण किसानले ठूलो नोक्सानी व्यहोर्नु परेको छ । डेङगी र एडिनो भाइरस कन्जन्टिभाइटिस (आँखा पाक्ने) रोगको संक्रमण देशभरी फैलिएको छ । यी लगायत जनजीविकासँग जोडिएका, नागरिकका प्रत्यक्ष सरोकार भएका विषयमा सदनमा आवाज उठ्ने, छलफल हुने अवस्था बन्नु पर्दछ । सरकारलाई सदनका प्रति जवाफदेही बनाउनु पर्छ भने संसद आफै जनताका प्रति उत्तरदायी हुनु पर्दछ । कुनै विषयमा आफ्नो असहमति व्यक्त गर्न सरकार र समग्र राष्ट्रको ध्यान आकृष्ट गर्न प्रतिपक्षले सदनमा आलोचनात्मक रुपले प्रस्तुत हुन स्वभाविक हो तर लामो समयसम्म सदनमा छलफल हुन नसक्ने गरी संसद अबरुद्ध गर्ने कार्य गैरजिम्मेवारी हो । सदन अवरुद्ध भएका कारण एकातर्फ जनताका सरोकारका विषय सदनमा उठ्न सकेको छैनन् भने अर्को तर्फ सदनमा विचाराधिन महत्वपूर्ण विधेयक कानून बन्न सकेका छैनन् । सरकारबाट नयाँ विधेयक प्रस्तुत गर्ने, प्रतिनिधि सभामा विषयगत समितिको नेतृत्व चयन गर्ने कार्य अबरुद्ध छ । नेपाली कांग्रेस संसदीय दलको यो बैठक सत्तारुढ दलहरुसँगै प्रमुख प्रतिपक्षी लगायत अन्य सबै दलसँग सम्वादको अग्रसरता लिएर अवरुद्ध संसद सुचारु गर्ने पहल गर्ने निर्णय गर्दछ। संघीय संसदनै निष्क्रिय भएको अवस्थाले संसदीय पद्धतिप्रति नै जनतामा वितृष्णा उत्पन्न हुने जोखिम भएको हुँदा लामो समयसम्म संसद अवरुद्ध गर्ने कार्यलाई उचित मान्न सकिँदैन । अत: यो बैठक संसदको प्रमुख प्रतिपक्ष दललाई सदनको अवरोध समाप्त गरी सबै विषयमा सदनमा नै छलफल गर्ने वातावरण सुनिश्चित गर्न अपिल गर्दछ ।

२. हालै अवैध ढङ्गले पैठारी भई त्रिभुवन विमानस्थलबाट बाहिर निस्की पक्राउ गरिएको एक क्विन्टल सुनको विषयमा यो बैठकको ध्यान गम्भीर रुपले आकृष्ट भएको छ । त्रिभुवन विमानस्थल जस्तो सरकारका सबै महत्वपूर्ण निकायको सदैव निगरानीमा रहने स्थानबाट नै अवैध ढङ्गले सुन बाहिरिनु गम्भीर चिन्ताको विषय भएको छ । यस्ता घटना विगतमा पनि

# नेपाली काँग्रेस

## संघीय संसद, संसदीय दलको कार्यालय

☎ ९७७-१-४२०००७८, ४२००१७७
४२००२००, ४२०००१५
फ्याक्स : ९७७-१-४२००१३६
email : ncparliamentary@gmail.com

संघीय संसद भवन
सिंहदरबार, काठमाडौं


भएका छन् । पटकपटक घटित हुने यस्ता घटनाले थप चिन्तित बनाएको छ । यस्ता गैरकानूनी कार्य निस्तेज एवं पूर्णरुपले नियन्त्रण हुनु पर्दछ । यस्ता कार्यमा संलग्न जोसुकै भए पनि अनुसन्धान, छानविनको दायरा भित्र ल्याई कानूनी कारवाही गर्नु पर्दछ । यस्ता प्रकृतिका अपराधजन्य कार्यका लागि अनुसन्धान, छानविन र अभियोजन गर्ने प्रयोजनका लागिनै गठित भएको केन्द्रीय अनुसन्धान व्यूरो लगायत सरकारी निकायहरुले छानविन अनुसन्धान गरी रहेको छ । नेपाली कांग्रेस संसदीय दलको यो बैठक नेपाल सरकारलाई यस घटनाबारे निष्पक्ष, स्वतन्त्र र गहिराईका साथ अनुसन्धान, छानविन गरी घटनामा संलग्न जोसुकै भए पनि अभियोजन गरी कानूनी दायरामा ल्याउन अनुरोध गर्दछ ।

३. संघीय संसदमा धेरै महत्वपूर्ण विधेयकहरु विचाराधिन छन् । संक्रमणकालीन न्याय सम्बन्धि विधेयक, सम्पत्ति शुद्धिकरण, भ्रष्टाचार नियन्त्रण गर्ने लगायत तमाम विधेयक चाडै पारित गर्नुपर्नेछ । संसदको दुईवटा अधिवेशनबाट हालसम्म न्यून संख्यामा विधेयक पारित भएका छन् । संसदमा विचाराधिन सबै विधेयकलाई चाडो भन्दा चाडो पारित गर्न यो बैठक सरकार र संसदमा क्रियाशिल सबै दलहरुलाई हार्दिक अपिल गर्दछ । सरकारले संविधान कार्यान्वयन, संघीय लोकतान्त्रिक गणतन्त्र सुदृढ गर्ने र मौलिक हक सुनिश्चित गर्ने विधेयक तथा विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार सुनिश्चित गर्ने सम्बन्धि विधेयक ल्याउनु पर्छ । नेपाली कांग्रेस संसद भित्र विधायनको काममा दत्तचित्त भई प्रभावकारी रुपले लाग्ने निर्णय गर्दछ ।

४. आ.ब. २०८०।०८१ को बजेट पारित भई सकेको छ । बजेटमा देखा परेको कमी कमजोरीलाई आगामी दिनमा सुधार गर्ने आवश्यक व्यवस्था मिलाउन, पूँजीगत खर्च कम हुने अवस्थालाई उचित ढङ्गले सम्बोधन गर्न र चालु आ.ब.को बजेटलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न यो बैठक सरकारलाई अनुरोध गर्दछ ।

५. संसद नेपाली जनताको सार्वभौम र शीर्षस्थ संस्था हो । कानून निर्माण गर्ने, सरकारका काम कारवाहीमा निरन्तर अनुगमन र निगरानी गरी सरकारलाई सदनका प्रति जवाफदेही बनाउने, देश र जनताका महत्वपूर्ण एवं समसामयीक विषयमा छलफल गरी राष्ट्र र जनताको सर्वोत्तम हितमा काम गर्नु संसदको मुख्य काम हो । तसर्थ संसद जति क्रियाशिल र प्रभावकारी हुन सक्यो त्यत्तिनै देश र जनताका हितमा काम हुन सक्ने र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सफलीभूत हुने भएको हुँदा संसदलाई पूर्ण रुपले प्रभावकारी बनाउनु पर्दछ । नेपाली कांग्रेस संसदीय दलको यो बैठक संघीय संसदलाई प्रभावकारी बनाउन निरन्तर काम गरी रहने प्रतिबद्धता गर्दछ ।

☎ ९७७-१-४२०००७८, ४२००१७७
४२००२००, ४२०००१५
फ्याक्स : ९७७-१-४२००१३६
email : ncparliamentary@gmail.com

संघीय संसद भवन
सिंहदरबार, काठमाडौं


६. सरकारमा सहभागी दलहरुको गठबन्धन नेपाली कांग्रेसको पहल, प्रयत्न र सहयोगमा बनेको हो । सोही अनुसार वर्तमान सरकारले निरन्तरता पाएको छ । राष्ट्रको सर्वोत्तम हितका लागि राजनीतिक स्थिरता आवश्यक छ । गठबन्धनको स्थितरता र स्थायीत्वका लागि प्रभावकारी रुपमा काम गर्न आवश्यक छ । तसर्थ नेपाली कांग्रेस संसदीय दलको यो बैठक गठबन्धनको स्थिरता र स्थायीत्वका लागि प्रभावकारी रुपले काम गर्ने निर्णय गर्दछ ।

७. नागरिकको जिविकासँग सम्बन्धित र प्रत्यक्ष सरोकारका विषयमा सरकारले यथेष्ठ ध्यान दिन जरुरी छ । नेपाली कांग्रेस संसदीय दलको यो बैठक तपसिलका विषयमा तत्काल प्रभावकारी रुपले कार्य गर्न नेपाल सरकारको ध्यान गम्भीर रुपले आकृष्ट गर्दछ ।

क. उपभोग्य सामग्रीको मूल्य बढिरहेको छ । मूल्यवृद्धि र कालाबजारी नियन्त्रणमा सरकारले सकारात्मक पहल गरे पनिथप कार्य गर्न आवश्यक छ । जनताका दैनिक आवश्यकताका वस्तुको मूल्यबृद्धि र कालाबजारीका कारण जीवन कष्टकर बनेको छ । सरकारले तत्काल बढ्दो महँगी र कालाबजारी नियन्त्रण गरी जनतामा दैनिक आवश्यकताका वस्तु सरल र शुलभ रुपले प्राप्त हुने व्यवस्था गर्न,

ख. लोकतान्त्रिक व्यवस्थामा सुशासनको प्रत्याभूति आधारभूत शर्त हो । नेपाली कांग्रेस कुनै पनि घटनाको कानून बमोजिम स्वतन्त्र, निष्पक्ष, पूर्वाग्रहरहित छानविन, अनुसन्धान हुनु पर्दछ भन्ने पक्षमा छ । "कुनै पनि दोषी नउम्किउन र कोही निर्दोष नफस्नुन" भन्ने हाम्रो पार्टीको नीति रही आएको छ । यो धारणा हामी निरन्तर राख्दै आएका छौ । सबै प्रकारका भ्रष्टाचार, अनियमितता र बेथितिहरुलाई नियन्त्रण गरी मुलुकमा सुशासनको सुनिश्चितता गर्न,

ग. सरकारले नागरिकलाई प्रदान गर्ने सेवा छिटो, छरितो र प्रभावकारी रुपमा दिन सबै कानूनी तथा संरचनागत सुधार गरी जनतालाई सेवा लिन उत्पन्न व्यवधान र जटिलता समाप्त गरी प्रत्येक सेवा छिटो छरितो र सर्वसुलभ बनाउन,

घ. जग्गाको कित्ताकाट गर्ने व्यवस्था लागु गर्ने घोषणा भए पनि सबै स्थानका कार्यान्वयन हुन नसकेका कारण नागरिकलाई घरायसी व्यवहार सम्पादन गर्न समेत कठिनाई भएको छ । जग्गाको कित्ताकाट गर्ने कार्यमा विद्यमान जटिलतालाई उचित ढङ्गले सम्बोधन गरी कित्ताकाटको व्यवस्था गर्न,

ङ. श्रमिक मजदुरहरुको न्यूनतम ज्याला निर्धारण गर्न ढिलो भइ सकेको छ । तत्काल श्रमिकको ज्याला निर्धारण गर्न,

च. देशभरी कही अतिवृष्टि र कही अल्पवृष्टि भएको छ । अविरल वर्षाका कारण उत्पन्न बाढी, पहिरो र डुवानले मानविय र भौतिक क्षति भएको छ भने खासगरी तराई

☎ ९७७-१-४२०००७८, ४२००१७७
४२००२००, ४२०००१५
फ्याक्स : ९७७-१-४२००१३६
email : ncparliamentary@gmail.com

संघीय संसद भवन
सिंहदरबार, काठमाडौं


मधेसमा समयमा पर्याप्त वर्षा नभएका कारण रोपाई हुन नसकेको र भूमिगतजल सतह तल झरेका कारण किसान मर्कामा परेका छन् । यस अवस्थाले भविष्यमा उत्पन्न हुनसक्ने खाद्यान्न समस्या समेतलाई ध्यानमा राखी अल्पकालीन एवं दीर्घकालीन योजना साथ किसान एवं जनताका पक्षमा कार्य गर्न,

छ. विगतमा फैलिएको कोरोनाको विश्वव्यापी महामारी र केही वाह्य कारणले नेपालको अर्थतन्त्रमा पनि नकारात्मक असर परेको छ । सरकारले अर्थतन्त्रमा सुधारको प्रयत्न गरेको छ । तथापि हाल पनि उद्योगी, व्यापारी, व्यवसायी, किसान, मजदुर लगायत सम्पूर्ण नागरिक आफ्नो व्यवसाय सञ्चालन गर्न तथा दैनिक जीविका चलाउन समेत चिन्ताग्रस्त छन् । अर्थतन्त्रलाई चलायमान गर्ने, लगानीमैत्री वातावरण बनाउने, बैङ्कीक प्रणालीलाई जनस्तरमा पुऱ्याउन अल्पकालीन र दीर्घकालीन योजना बनाई जनतामा अभिभावकीय भूमिका निर्वाह गरी आमनागरिकलाई आश्वस्त गर्न,

ज. सुकुम्बासी र अव्यवस्थित बसोवासको समस्या समाधान गर्न तत्काल जग्गा नापजाँच, चर्को करको न्यूनिकरण तथा धनीपुर्जा वितरणमा तीब्रता दिएर समस्याको समाधान गर्न,

झ. देशको विभिन्न भागमा जातीय विभेद र छुवाछुतका घटना पछिल्लो समयमा बढेर गएको विषयलाई गम्भीरतापूर्वक लिंदै यो बैठक सरकारलाई यस्ता घटना निरुत्साहित र नियन्त्रण गर्न विशेष तदारुकता राख्न,

ञ. कोशी प्रदेश सुनसरी जिल्लाको धरान र नजिकको क्षेत्रमा डेङगी रोग अत्याधिक रुपमा फैलिएको छ । यसको प्रभाव देशभरी बढी रहेको छ । प्रभावकारी रुपमा डेङगी रोकथाम, नियन्त्रण गर्न,

ट. साउन २४ गते संखुवासभा जिल्ला कारागारमा दुई कैदी बन्दीको मृत्यु सम्बन्धमा निष्पक्ष छानविन गरी दोषी माथि कानूनी कारवाही गर्न,

ठ. निर्माण व्यवसायी लामो समय देखि विभिन्न माग राखी आन्दोलनरत छन् । निर्माण व्यवसायीका जायज माग सम्बोधन गर्न,

८. विभिन्न स्थानका सडक दुर्घटनाका कारण जनधनको क्षति भएको छ । सडक दुर्घटनामा परि ज्यान गुमाउनेहरुको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा यो बैठक समवेदना व्यक्त गर्दछ । यो बैठक सरकारलाई बढ्दो दुर्घटनाका कारण र कारक पत्ता लगाई दुर्घटना नियन्त्रण गर्न काम गरोस् भन्ने माग गर्दछ ।

# नेपाली काँग्रेस
## संघीय संसद, संसदीय दलको कार्यालय

☎ ९७७-१-४२०००७८, ४२००१७७
४२००२००, ४२०००१५
फ्याक्स : ९७७-१-४२००१३६
email : ncparliamentary@gmail.com

संघीय संसद भवन
सिंहदरबार, काठमाडौं


९. स्वास्थ्य लाभको कामना

क. नेपाली कांग्रेसका उपसभापति एवं नेपाल सरकारका कानून, न्याय तथा संसदीय मामिला मन्त्री माननीय धनराज गुरुङ्ग अस्वस्थ भई केही दिनको अस्पतालको उपचार पछि स्वास्थ्य लाभ गरी रहनु भएको छ । यो बैठक उहांको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ ।

ख. प्रतिनिधि सभा सदस्य माननीय सीता कुमारी राना हाल अस्वस्थ भई स्वास्थ्यलाभ गर्दै हुनुहुन्छ । यो बैठक उहांको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ ।

ग. संविधानसभा सदस्य एवं लुम्वीनी प्रदेशका स्वास्थ्य मन्त्री माननीय राजु खनाल अस्वस्थ भई हाल उपचाररत हुनुहुन्छ । यो बैठक उहाँको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ ।

घ. पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता पि.एल. सिंह लामो सयम देखि अस्वस्थ भई उपचाररत हुनुहुन्छ । यो बैठक उहाँको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ ।

ङ. पूर्व मन्त्री श्री खेमराज भट्ट मायालु अस्वस्थ हुनु भई अस्पतालमा भर्ना भई लामो समयदेखि उपचार गराई रहनु भएको छ । यो बैठक उहाँको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ । यो बैठक उहाँको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ ।

च. नेपाली कांग्रेस काठमाडौंका पूर्व सभापति एवं पूर्व स्वास्थ्य राज्यमन्त्री तीर्थराम डंगोल केही समय देखि अस्वस्थ हुनु भई उपचाररत हुनुहुन्छ । यो बैठक उहाँको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ ।

छ. नेपाली कांग्रेस स्याङ्जाका पूर्व सभापति एवं पूर्व सांसद खगेन्द्रराज रेग्मी लामो समय देखि अस्वस्थ भई उपचाररत हुनुहुन्छ । यो बैठक उहाँको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ ।

# नेपाली काँग्रेस

## संघीय संसद, संसदीय दलको कार्यालय

☎ ९७७-१-४२०००७८, ४२००१७७
४२००२००, ४२०००१५
फ्याक्स : ९७७-१-४२००१३६
email : ncparliamentary@gmail.com

संघीय संसद भवन
सिंहदरबार, काठमाडौं

**शोक प्रस्तावहरु :**

१. नेपाली कांग्रेसका पूर्व आमन्त्रित केन्द्रीय सदस्य, बौद्धिक व्यक्तित्व, साहित्यकार, अग्रज नेता एवं संविधानसभा सदस्य माननीय पुरुषोत्तम बस्नेतको ७८ वर्षको उमेरमा २०८० बैशाख २९ गते निधन भयो । स्व. बस्नेतले नेपालमा प्रजातन्त्र एवं लोकतन्त्र स्थापनाका लागि भएका हरेक आन्दोलनहरुमा सदैव नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएको थियो । आन्दोलनका क्रममा विभिन्न समयमा गिरफ्तार हुनु भई ९ वर्ष भन्दा बढी बन्दी जीवन व्यतित गर्नु भएको थियो । २०६४ सालमा संविधान सभा सदस्य हुनु भएका नेता बस्नेतको संविधान लेखन कार्यमा उल्लेखनीय योगदान रहेको थियो । उहाँले लामो समयसम्म नेपाली कांग्रेसको मुखपत्र 'नेपाल पुकार' प्रकाशन गर्नु भएको थियो । त्यसैगरी "कांग्रेसको इतिहासको प्रारुप" भाग एक र भाग दुई गरी दुई अमूल्य कृति प्रकाशन गरेर नेपाली कांग्रेसको इतिहासलाई जीवन्त राख्ने प्रसंशनीय एवं अतुलनीय कार्य गर्नु भएको छ । गोरखापत्र संस्थानको पूर्वकार्यकारी अध्यक्षको जिम्मेवारी निर्वाह गर्नुका साथै विभिन्न साहित्यिक पत्रपत्रिकाहरुको सम्पादक भई साहित्य क्षेत्रमा समेत ठूलो योगदान पुऱ्याउनु भएको थियो । उहाँको निधनले नेपाली कांग्रेसलाई अपुरणीय क्षति पुगेको छ भने हामीले एक अग्रज राजनीतिज्ञ एवं इतिहासकारलाई गुमाएका छौं ।

२. नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य एवं महिला, बालबालिका तथा समाजकल्याण पूर्वराज्यमन्त्री, नेपाल महिला संघकी पूर्वकेन्द्रीय अध्यक्ष, पूर्वसांसद एवं संविधान सभा सदस्य माननीय मिना पाण्डेको २०८० जेठ १६ गते निधन भयो । वि.स. २००८ सालमा जन्मनु भएकी स्व. पाण्डेले २०३५ सालदेखि नेपाल विद्यार्थी संघको राजनीतिबाट सक्रिय राजनीति शुरुवात गर्नु भएको थियो । नेपाली कांग्रेसले आह्वान गरेको हरेक लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएकी नेतृ पाण्डे आन्दोलनका क्रममा विभिन्न समयमा पटक-पटक गिरफ्तार हुनु भई बन्दी जीवनसमेत व्यतित गर्नु भएको थियो । स्व. पाण्डे तीन पटक नेपाली कांग्रेस केन्द्रीय सदस्य र नेपाल महिला संघको दुई पटक केन्द्रीय सभापति हुनु भएको थियो । स्व. पाण्डे २०४८, २०५१ र २०७४ मा प्रतिनिधि सभा सदस्य र २०६४ सालमा संविधान सभा सदस्य हुनु भएको थियो । नेपाली राजनीतिमा शालिन र सरल नेतृको रुपमा परिचित हुनुहुन्थ्यो । उहाँको निधनले नेपाली कांग्रेसलाई अपुरणीय क्षति पुगेको छ ।

३. संविधान सभा सदस्य, नेपाली कांग्रेसका पूर्व कोषाध्यक्ष एवं पूर्व मन्त्री माननीय सीतादेवी यादवकी ममतामयी माता ८७ वर्षीया शीलादेवी यादवको २०८० जेठ २२ गते निधन भयो । स्व. यादव सामाजिक क्षेत्रमा सक्रिय रुपले संलग्न रहँदै आउनु भएको थियो ।

# नेपाली काँग्रेस

## संघीय संसद, संसदीय दलको कार्यालय

☎ ९७७-१-४२०००७८, ४२००१७७
४२००२००, ४२०००१५
फ्याक्स : ९७७-१-४२००१३६
email : ncparliamentary@gmail.com

संघीय संसद भवन
सिंहदरबार, काठमाडौं

४. संविधान सभा सदस्य, नेपाली कांग्रेसका सहमहामन्त्री एवं पूर्व मन्त्री माननीय उमाकान्त चौधरीको ममतामयी माता ७७ वर्षीया मदेशिया थरुनीको २०८० जेष्ठ २२ गते निधन भयो। वि.सं. २००३ मा जन्मनु भएकी थरुनीले नेपालमा प्रजातन्त्र स्थापना र पुनर्स्थापनाको आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नु भएको थियो। उहाँले सामाजिक क्षेत्रमा समेत सक्रिय योगदान पुऱ्याउँदै आउनु भएको थियो। उहाँको निधनबाट नेपाली कांग्रेसले एक अग्रज व्यक्तित्वलाई गुमाएको छ।

५. नेपाली कांग्रेस बझाङका पूर्व सभापति एवं सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पृथ्वीबहादुर सिंह लगायत उहाँकी धर्मपत्नी अमृतादेवी सिंह र भाउजु जयादेवी सिंहको २०८० साल असार ५ गते सवारी दुर्घटनामा परी उपचारका क्रममा निधन भयो। २०१५ सालमा जन्मनु भएका पृथ्वीबहादुर सिंह २०३१ साल देखि सक्रिय राजनीतिमा हुनुहुन्थ्यो। नेपालको हरेक लोकतान्त्रिक आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएका स्व. सिंह २०७९ सालमा बझाङ जिल्ला निर्वाचन क्षेत्र नं १ (क) बाट नेपाली कांग्रेस पार्टीको उम्मेदवार भई प्रदेश सभा निर्वाचनमा निर्वाचित हुनु भएको थियो। स्व. सिंहले नेपाली कांग्रेस पार्टीको विभिन्न तहमा रहेर सफलतापूर्वक पदीय जिम्मेवारी पुरा गर्नु भएको थियो। उहाँको निधनले नेपाली कांग्रेसलाई अपुरणीय क्षति पुगेको छ।

६. पूर्व मन्त्री, संविधान सभा सदस्य एवं नेपाली कांग्रेसका नेता स्व. नविन्द्रराज जोशीकी ममतामयी माता एवं प्रतिनिधि सभा सदस्य माननीय सपना राजभण्डारीको सासु श्रीमती गिता जोशीको ८० वर्षको उमेरमा २०८० असार ५ गते विहान निधन भयो। स्व. जोशीले आफ्ना सन्ततीहरुलाई सदैव देश र आमनागरिकको हितमा समर्पित रहन प्रेरणा दिदै आउनु भएको थियो। नेपाली कांग्रेस पार्टीको शुभेच्छुकको रुपमा रहँदै आउनु भएकी जोशीको निधनले नेपाली कांग्रेसलाई अपुरणीय क्षति पुगेको छ।

७. पूर्वसांसद, नेपाल भूतपूर्व सैनिक संघका संस्थापक अध्यक्ष एवं नेपाली कांग्रेसका अग्रज नेता कर्णेल लालकाजी गुरुङको २०८० साल असार २३ गते शनिवार निधन भयो। वि.स. १९९७ साल पौष ११ मा जन्मनु भएका गुरुङ भारतीय सेनाका पूर्व कर्णेल हुनुहुन्थ्यो। सैनिक जीवन पछि उहाँले भू.पू. सैनिक समुदाय र आम जनताको सेवामा समर्पित भएर उल्लेखनीय कार्यहरु गर्नु भएको थियो। सामाजिक र राजनीतिक क्षेत्रमा सक्रिय स्व. गुरुङ २०४८ मा नेपाली कांग्रेसको तर्फबाट राष्ट्रियसभाको सदस्य हुनु भएको थियो। नेपालमा भएका

९७७-१-४२०००७८, ४२००१७७
४२००२००, ४२०००१५
फ्याक्स : ९७७-१-४२००१३६
email : ncparliamentary@gmail.com

संघीय संसद भवन
सिंहदरबार, काठमाडौं


लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नु भएका गुरुङको नेपाली कांग्रेसको संगठन विस्तार तथा पार्टी सुदृढिकरणमा अतुलनीय योगदान रहेको छ । उहाँको निधनले नेपाली कांग्रेसलाई अपुरणीय क्षति पुगेको छ ।

८. नेपाली कांग्रेसका सहमहामन्त्री एवं प्रतिनिधि सभा सदस्य माननीय जीवन परियारका ठूला बुबा प्रजातन्त्र सेनानी ८३ बर्षीय बुद्धिबहादुर परियारको मिति २०८० साउन १७ गते निधन भयो । स्व. परियारले नेपालमा प्रजातन्त्र र लोकतन्त्र स्थापनाका लागि उल्लेखनीय भूमिका निर्वाह गर्नु भएको थियो । उहाँको निधनले नेपाली कांग्रेसलाई अपुरणीय क्षति पुगेको छ ।

उहाँहरुको निधनप्रति नेपाली कांग्रेस संसदीय दल गहिरो दुःख व्यक्त गर्दै यो बैठक शोक प्रस्ताव पारित गर्दछ ।

जय नेपाल !

रमेश लेखक
प्रमुख सचेतक